Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

**Citizens Bank International Limited**
Narayanhiti Path, Kathmandu, Nepal
Tel: +977-1-4427842, 4427824
Fax: +977-1-4427044, P.O. Box: 19681
E-mail: info@ctznbank.com
URL: www.ctznbank.com
Swift Code: CTZNNPKA

मितिः २०७६/०५/२०

Ref:CBIL/COMP/076/77-163

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

**विषय : तेह्रौं वार्षिक साधारण सभा प्रयोजनार्थ शेयरधनी दाखिल खारेज बन्द गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त बिषयमा यस बैंकको तेह्रौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०७६/०५/३१ गते १ दिन शेयरधनी दाखिल खारेज बन्द गरिने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

शेयरधनी दर्ता पुस्तिका दाखिल खारेज बन्द गर्ने सम्बन्धमा सर्वसाधारण शेयरधनीहरु लगायत सम्बन्धित सबैको लागि मिति २०७६/०५/२१ गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित हुन गईरहेको तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचनामा समेत सो व्यहोरा उल्लेख गरिएको हुँदा उक्त सूचनाको प्रतिलिपी थान १ संलग्न गरी पठाईएको व्यहोरा समेत जानकारीको लागि अनुरोध गर्दछौं ।

संलग्न कागजात:
१) तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचनाको प्रतिलिपी ।

भवदीय

बोधराज देवकोटा
कम्पनी सचिव

बोधार्थ :
१. श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाण्डौ ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाण्डौ ।
४. श्री सि.बि.आई.एल क्यापिटल लि.
डिल्लीबजार, काठमाण्डौ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
नारायणहिटी पथ, काठमाण्डौं
को
तेन्हौ वार्षिक साधारण सभा बस्ने सम्बन्धी
<u>सूचना</u>

मिति २०७६/०५/२० गते बसेको संचालक समितिको ३१० औं बैठकले निर्णय गरे अनुसार यस बैंकको तेन्हौ वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै यो सूचना कान्तिपुर टेलिभिजन र कान्तिपुर एफ. एम. बाट मिति २०७६/०५/२० का दिन समेत जानकारी गराईएको व्यहोरा सादर अनुरोध गरिन्छ ।

**१. सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति :- २०७६ साल आश्विन १० गते शुक्रवार (तदनुसार सेप्टेम्वर २७, २०१९)
स्थान :- अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं ।
सभा सुरु हुने समय :- बिहान ९.०० बजे

**२. छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु**

१. आ.व. २०७५/७६ को संचालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदनसहित २०७६ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७५/०४/०१ देखि २०७६/०३/३१ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।
३. संचालक समितिबाट प्रस्ताव गरे अनुसार १२ प्रतिशतका दरले हुन आउने रु.१,००,४५,२७,७७३/-बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७६/७७ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. बैंकको नियमावली अनुसार समूह 'क' का संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद ३(तीन) र समूह 'ख' का सर्वसाधारण तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरु**

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार ३ प्रतिशतका दरले हुन आउने रु. २५,११,३१,९४३/-बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्ने) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
३. (क) बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।
(क-१)बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा ।

(ख)बैंकको नियमावलीमा संशोधन तथा थप गर्ने ।
(ख-१)नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संचालकको बैठक भत्ता तथा सुविधा थप गर्ने गरी नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

४. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७६।०५।३१ गते १ दिन बैंकको शेयरधनी दर्ता किताव बन्द रहने छ । नेपाल स्टक एकस्चेन्ज लिमिटेडमा २०७६।०५।३० गतेसम्म कारोबार भई म्याद भित्र यस बैंकको शेयर रजिष्ट्रार सि.वि.आई.एल. क्यापिटल लिमिटेड, बाटुलेघर, डिल्लीवजार, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन र बोनश शेयर तथा नगद लाभांश पाउने छन् ।

कम्पनी सचिव

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान ७:०० बजे देखि खुल्ला गरिने छ ।

४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् मिति २०७६/०६/८ गते बिहान ९:०० बजेभित्र बैंकको मुख्य कार्यालय नारायणहिटी पथ, दरवामार्गमा दर्ता गराई सक्नु पर्नेछ । बैंकको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमवाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरवदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि( प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम बैंकको मुख्य कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. १ नं. मा उल्लेख गरे बमोजिम शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरु मात्र सो सभावाट पारित बोनश शेयर र लाभांश रकमको हकदार हुनेछन् ।

७. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतवाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।

८. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फवाट बैंकको शेयर लगत दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भागलिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

९. बैंकका संचालकहरुको निर्वाचन सम्बन्धि कार्यक्रम बैंकको रजिष्टर्ड कार्यालय, नारायणहिटी पथमा स्थापित निर्वाचन समितिको कार्यालयले सभा हुने दिन भन्दा ५ दिन अगावै प्रकाशित गरी टाँस गर्नेछ ।

१०. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको प्रधान कार्यालय नारायणहिटी पथ, काठमाण्डौमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

११. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउंदा झोला जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

**पुनश्चः** कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीको मुख्य कार्यालय नारायणहिटी पथ, काठमाण्डौ तथा यस बैंकको शेयर रजिष्ट्रार सि.बि.आई.एल. क्यापिटल लिमिटेड, डिल्लिबजार, काठमाण्डौमा उपस्थित भई निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागी सूचित गरिन्छ । संक्षिप्त आर्थिक विवरण लगायत वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website:www.ctznbank.com मा पनि हेर्न सक्नुहुनेछ ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

कम्पनी सचिव